नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ ।

फोन नं. ४२००३१६
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

प.सं.:-वा.त.वि.व्य.शा./०७७/०७८
च.नं.:- ९९

मितिः २०७७/०६/२०

विषयः निर्णय कार्यन्वयन सम्बन्धमा ।

श्री स्थानीय तह,
(सबै) ।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय च.नं. २०७७/७८/यो.अ./४२२/१३८२ मिति २०७७/०६/१४ को पत्र मार्फत प्राप्त मिति २०७७/०६/०२ मा बसेको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकको निर्णयको प्रतिलिपि यसै साथ संलग्न राखी तहाँसंग सम्बन्धित निर्णयहरु कार्यान्वयन गरी सोको जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र यस मन्त्रालयमा समेत उपलब्ध गराउने व्यवस्थाको लागि आदेशानुसार अनुरोध छ ।

०७७/६/२०
(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थः
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाण्डौं ।
श्री सूचना तथा प्रविधि शाखाः पत्र वेबसाइटमा अपलोड गरिदिनु हुन ।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(योजना, अनुगमन तथा विपद् समन्वय शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार, काठमाडौं

पत्र संख्या :- २०७७/७८/यो.अ./४२२/१३८२
च.नं. :-

मिति:२०७७/०६/१४

दर्ता नं.:- 2289
मिति:- 2077/6/16

विषय : निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री गृह मन्त्रालय, सिंहदरवार, काठमाण्डौं।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाण्डौं ।
श्री शहरी विकास मन्त्रालय, सिंहदरवार, काठमाण्डौं।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौं।
श्री भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सिंहदरवार, काठमाण्डौं।
श्री ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरवार, काठमाण्डौं।

प्रस्तुत विषयमा राज्य व्यवस्था तथा सुशासन समितिको मिति २०७७ असोज २ गतेको वैठकमा भएको निर्णयको छायाँप्रति पाना २ (दुइ) यसै साथ संलग्न गरी पठाएको व्यहोरा अनुरोध गर्दै त्यहाँ मन्त्रालयसँग सम्बन्धित विषयका सुझाब तथा निर्देशन कार्यान्वयन गरी सो को प्रगति विवरण राज्य व्यवस्था तथा सुशासन समितिमा र यस कार्यालयमा समेत पठाउने व्यवस्था हुनको लागि आदेशानुसार अनुरोध गर्दछु ।

बोधार्थः
श्री राज्य व्यवस्था तथा सुशासन समिति
(संघीय संसद, प्रतिनिधि सभा)
संसद भवन, सिंहदरवार, काठमाण्डौं ।

श्री विपद व्यवस्थापन शाखा ... कार्यार्थ 6/16

2077/6/14
(सुवाश रिजाल)
शाखा अधिकृत

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.: 225
मिति:- 077/6/16
समय:-

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

बैठक संख्याः २११ मितिः २०७७/०६/०२ गते समयः दिनको १:०० बजे

निर्णयः

समितिको आजको बैठकमा सिन्धुपाल्चोक, बाग्लुङ, कालिकोट, बाजुरा, पर्वत लगायत मुलुकको विभिन्न स्थानहरुमा गइरहेको बाढी, पहिरो लगायत विपद् व्यवस्थापनका सम्बन्धमा छलफल हुँदा सम्बन्धित मन्त्रालय एवं निकायहरुलाई देहाय बमोजिमको सुझाव तथा निर्देशन दिने निर्णय भयोः-

१. बाढी, पहिरो लगायतका विपद् व्यवस्थापन सम्बन्धमा यसअघि विभिन्न मितिहरुमा समितिले दिएका निर्देशनहरुको कडाइका साथ कार्यान्वयन गर्ने गराउने,

२. बाढी, पहिरोबाट वेपत्ता भएकाहरुको तत्काल खोजी र उद्दार, घाइतेहरुको उपचार तथा विस्थापित एवं प्रभावितहरुलाई सुरक्षित ठाउँमा स्थानान्तरण गरी अस्थायी बसोबासको व्यवस्था मिलाउनुका साथै भौगर्भिक संरचनाको अध्ययन गरी बाढी, पहिरो एवं प्राकृतिक प्रकोपको दृष्टिले उच्च जोखिममा रहेका वस्तीहरूको छ महिनाभित्र पहिचान गरी भू-उपयोग नीति अनुरुप यथाशिघ्र सुरक्षित स्थानमा एकीकृत वस्ती बसाली समस्याको स्थायी समाधानको लागि आवश्यक व्यवस्था मिलाउने ।

३. मुलुकमा अझै वर्षा सक्रिय रहेकोले वर्षासँगै आउने बाढी, पहिरो लगायत प्राकृतिक प्रकोपबाट जनधनको निकै क्षति भइरहेको र हुन सक्ने हुँदा विपद्मा परेकाहरुको उद्दार, राहत, उपचार तथा पुनःस्थापना कार्यमा प्रत्यक्ष संलग्न रहने सुरक्षाकर्मी, स्वयंसेवी लगायत स्थानीय तहहरुलाई आवश्यक साधन स्रोत सहित तयारी अवस्थामा राख्न आवश्यक व्यवस्था मिलाउने,

४. संघ, प्रदेश र स्थानीय तहका सरकार एवं सरोकारवाला निकायहरुबीच आपसी समन्वय गरी बाढी, पहिरो एवं विपद्वाट प्रभावितहरुलाई दैनिक उपभोग्य लगायत अति आवश्यक वस्तु एवं सेवाहरु तत्काल उपलब्ध हुने व्यवस्था मिलाउने,

५. नेपाल लगायत विश्व नै कोभिड-१९ बाट आक्रान्त भइरहेको वर्तमान परिप्रेक्ष्यमा बाढी, पहिरो प्रभावित क्षेत्रहरूमा कोभिड-१९ तथा अन्य सरुवा रोग फैलन नदिन स्वास्थ्य सेवा एवं सरसफाई सम्बन्धि उचित मापदण्ड बनाई औषधोपचारको आवश्यक प्रबन्ध मिलाउने ।

६. मौसम र बाढीको पूर्वसूचना प्रणाली विगतदेखि प्रचलित रहे पनि पहिरोको पूर्वानुमान नहुँदा जनधनको ठूलो क्षति हुने गरेको अवस्थामा जोखिममा आधारित पहिरो पूर्वसूचना प्रणालीको तत्काल विकास गर्ने,

७. कैलाली, कञ्चनपुर, सप्तरी लगायत मुलुकका विभिन्न स्थानहरुमा भएका बलात्कार, हत्या, हिंसा जस्ता जघन्य अपराधका घटनाहरुलाई संवेदनशीलता र गम्भीरतापूर्वक लिई अपराधीहरुलाई तत्काल कडा कानुनी सजाय र पीडितलाई न्यायसहितको उचित क्षतिपूर्तीको व्यवस्था मिलाउने,